नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

आज मिति २०७८।०६।१२ गतेका दिन प्रमुख जिल्ला अधिकारी एंव जिल्ला **Covid-19 संकट व्यवस्थापन केन्द्र** (DCCMC) का अध्यक्ष श्री विष्णु लामिछानेको अध्यक्षतामा निम्नअनुसारका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

**तपसिलः-**

| | | | |
|---|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | श्री विष्णु लामिछाने | जिल्ला प्रशासन कार्यालय, मनाङ | - अध्यक्ष |
| प्रहरी नायब उपरीक्षक | श्री सुवास खडका | जिल्ला प्रहरी कार्यालय, मनाङ | - सदस्य |
| सशस्त्र प्रहरी नायब उपरीक्षक | श्री अर्जुन पौडेल | स.प्र.बल नेपाल नं.३२ गुल्म,मनाङ | - सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत | श्री सुन्दर मणि पोखेल | राष्ट्रिय अनुसन्धान जि. कार्यालय, मनाङ | - सदस्य |
| सह-सेनानी, | श्री सन्तोष कडेल | रणदल गुल्म, मनाङ | - सदस्य |
| मेडिकल अधिकृत | श्री प्रतिमा गौली | जिल्ला अस्पताल, मनाङ | - सदस्य |
| जनस्वास्थ्य अधिकृत | श्री रामआधार राय | स्वास्थ्य कार्यालय, मनाङ | - सदस्य |
| प्रतिनिधि | श्री रेवतीरमण सापकोटा | जिल्ला समन्वय समिति, मनाङ | - सदस्य |
| सभापति | श्री विनोद लामा | नेपाल रेडक्रस सोसाईटी मनाङ | - सदस्य |
| अध्यक्ष | श्री नविन लामिछाने | ने.पत्राकार महासंघ, मनाङ शाखा | - सदस्य |

**विशेष उपस्थिति**

| | | | |
|---|---|---|---|
| अध्यक्ष | श्री लोकेन्द्र घले | चामे गाँउपालिका | - सल्लाहकार |
| स.प्र.उ. | श्री सुर्य प्रसाद आचार्य | पर्वतिय उद्धार तालिम शिक्षालय | - सल्लाहकार |

**निर्णयहरुः-**

१.गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबारको च.न. ५८९ मिति २०७८/०६/१० गतेको पत्रसाथ प्राप्त नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०६/०५ गतेको बैठकले कोभिड-१९ सम्बन्धमा भएका निर्णयहरु बैठकमा अवगत भयो । कोभिड-१९ सम्बन्धमा नेपाल सरकारको निर्णय बमोजिम मनाङ जिल्लामा देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

- जिल्ला वासी सर्वसाधारण सवैले मास्कको अनिवार्य प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने, समय समयमा सावुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने लगायतका स्वास्थ्य मापदण्डहरुको पुर्ण रुपमा पालना गर्न गराउन सवैमा अनुरोध गर्ने ।
- चाड पर्व मनाउँदा भिडभाड नगर्न, सकभर घरभित्रै चाडपर्व मनाउन तथा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरेर मात्र आवजावत गर्न सूचना सम्प्रेशण गर्ने ।
- सार्वजनिक यातायात संचालनकले सिट भन्दा बढी क्षमतामा यात्रु बोक्न नपाउने तथा चालक दल र सवै यात्रुले अनिवार्य रुपमा मास्क लगाउने र सवारी साधनमा यात्रुलाई उपलब्ध हुने गरी स्यानीटाइजरको व्यवस्था गर्न लगाउने र सोको जिल्ला भित्रने नाकामा नेपाल प्रहरीले नियमित चेकजाँच गरी सो को कार्यान्वयन गर्ने ।
- जिल्लाभित्र अनावश्यक रुपमा भिडभाड हुने सभा, जुलुस, महोत्सव गर्न गराउन नदिने ।
- जिल्ला स्थित सरकारी कार्यालयले सार्वजनिक सेवा प्रवाह गर्दा साथै वैक तथा वित्तिय संस्थाहरुले सेवा प्रवाह गर्दा सामाजिक दुरी कायम गर्ने र स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरेर मात्र सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

विष्णु लामिछाने
प्र.जि.अ.

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

२. जिल्लामा कोभिड-१९ को परिक्षण दर बढाउने साथै कोभिड-१९ विरुद्धको खोप लगाउन बाकी रहेका नागरिकहरुलाई सम्भव भए सम्म खोप लगाउने कार्यलाई निरन्तरता दिने ।सो कार्यका लागि स्वास्थ्य कार्यालय र जिल्ला अस्पतालले आवश्यक व्यवस्था मिलाउने ।

३. नेपाल सरकार मन्त्रिपरिषद् बाट स्वीकृत विदेशबाट नेपाल आगामन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको यात्रा व्यवस्थापन सम्बन्धी आदेश २०७८ को कार्यान्वयन गर्ने गराउने । जिल्लामा आउने विदेशी नागरिकहरुले निम्न अनुसारका सर्त पालना गर्नुपर्ने ।

**क)** कोभिड-१९ विरुद्धको खोपको मात्रा पुरा गरेको १४ दिन पुरा भएको प्रमाण ।

**ख)** मनाङ जिल्लामा होटल बुक गरेको प्रमाण ।

**ग)** जिल्ला भ्रमणमा रहेका सवै विदेशी नागरिकले कोभिड-१९ को लक्षण वा चिन्ह देखिएमा तत्काल कोभिड-१९ को परिक्षण गर्नुपर्नेछ ।रिपोर्ट पोजेटिभ आएमा आइसोलेसनमा वस्नुपर्नेछ ।

**घ)** नयाँ भेरियन्ट सहितको कोभिड-१९ सम्बन्धमा ट्राभल वा ट्रेकिङ्ग एजेन्सी मार्फत जिल्लामा आउने पर्यटकलाई यस बमोजिमका सर्तहरुको पालना गर्ने गराउने दायित्व सम्बन्धित एजेन्सीको हुने ।

विष्णु लामिछाने
प्र.जि.अ.